# नरहरिनाथ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कुमालगाउँ, कालिकोट
### कर्णाली प्रदेश,नेपाल

पत्र संख्याः २०८१/२०८२(सहकारी शाखा)

चलानी नं.—

मितिः२०८१।०४।२८

<u>नरहरिनाथ गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्र भएका सहकारी संस्थाहरुलाई जरुरी सुचना ।</u>

प्रकाशन मिति २०८१।०४।२८

- सहकारी संस्थाहरुले अनिवार्य रुपमा २०८१ साल असोज मसान्त भित्र लेखापरीक्षण सम्पन्न गर्नुहुन ।
- लेखापरीक्षक नियुक्ति गरि गाउँपालिकाको सहकारी शाखामा निम्न कागजात सहित अनिवार्य रुपमा नियुक्तिको जानकारी पठाउनुहुन ।
  - लेखापरीक्षकको नियुक्तिको जानकारी सम्वन्धी संस्थाको पत्र ।
  - लेखापरीक्षकको २०८२ अषाढ मसान्त सम्मको नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि ।
  - अघिल्लो साधारण सभाले लेखापरीक्षक नियुक्ति गरिएको निर्णयको प्रतिलिपि ।
  - संचालक समितिले लेखापरीक्षक नियुक्ति गरिएको निर्णयको प्रतिलिपि ।
- संस्थाको वार्षिक साधारण सभा २०८१ पौष मसान्त भित्र अनिवार्य रुपमा सम्पन्न गरी साधारण सभा सम्पन्न भएको मितिले १५ दिन भित्र वा २०८१ माघ १५ भित्र आ.व २०८०।८१ को वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन साधारण सभाको निर्णय प्रतिलिपि (Hard copy& Soft copy) गाउँपालिकाको सहकारी शाखामा पेश गर्नुहुन साधारण सभाको प्रतिवेदन साथ निम्न कागजात संलग्न गर्नुपर्नेछ ।
  - साधारण सभाको प्रतिवेदन पेश गरिएको भनि संस्थाको लेटरप्याडमा लेखिएको पत्र ।
  - व्यवसाय नविकरण प्रमाण पत्रको प्रतिलिपि ।
  - आ.व २०८०।८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
  - निर्वाचन भएको भए निर्वाचित संचालकहरुको र लेखा समितिका पदाधिकारिहरुको फोटो सहित तीन पुस्ते विवरण ,नागरिकताको प्रतिलिपि ,सम्पर्क नम्मर र फोटोमा पर्नेगरि दस्तखत समेत ।
- संस्थाले आपनो कार्यक्षेत्र भित्रका ऐनले योग्य भएका व्यक्तिहरुलाई मात्र सदस्यता दिई कारोबार गर्नुहुन र संचालक समितिले दिने/नदिने निर्णय ~~गरे~~ पश्चात मात्र सदस्यता प्रदान गर्नुहुनुका साथै kym फारम अनिवार्य अध्यावधिक गर्न ।

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# नरहरिनाथ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल

- सहकारी संस्थाहरुले शेयर सदस्य बाहेक अन्य व्यक्तिसँग बचत संकलन तथा ऋण लगानी नगर्न नगराउनु हुन ।
- गाउँपालिका भित्र कार्य संचालन गरि रहेका एकै प्रकृतिका एक भन्दा बढी सहकारी संस्थाहरुको सदस्यता कसैले लिएको भए आफुले छनौट गरी एक मात्र सहकारी संस्थाको सदस्यता कायम राखी अन्य सहकारी संस्थाको सदस्यता त्याग गर्नुपर्ने प्रावधान आपना सदस्यहरुलाई अवगत गराई सोही अनुसार गर्ने व्यवस्था मिलाउनु हुन ।
- संस्थाले बचतमा दिने व्याजदर र ऋणमा लिने व्याजदर विचको अन्तर बढीमा ६ प्रतिशत सम्म कायम गर्नुहुन साथै ऋणमा लाग्ने व्याजदर मुल ऋणमा पुँजिकृत गरी सोको आधारमा व्याजदर लगाउने कार्य नगर्नुहुन ।
- सहकारी संस्था गाउँपालिकाको कार्यालयमा अनिवार्य रुपमा सुचिकृत गर्नुहुन ।

लाल बहादुर बुढा
सहकारी शाखा

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यार्थ

श्री सुचना प्रविधि ईकाई :गाउँपालिकाको वेभसाइटमा अपलोड गर्नुहुन ।